# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

(आन्तरिक राजश्व व्यबस्थापन उप-शाखा) ☎ :- ०३३
लहान (सिरहा)
२ नं. प्रदेश, नेपाल

५५०१३३
प्र.प्र. अधिकृत
५५०१३८
प्रशासन शाखा

(सूचना प्रकाशित मिति २०७५/०२/२५ गते)

पत्र संख्या :- २०७४/०७५
मिति :- २०७५/०२/२५

चलानी नं. :- ४९८४

---

**बिषय :- पटके सवारी कर ठेक्काकोशिलवन्दी बोलपत्र आह्वान सूचना ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ को १ र २ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिल वमोजिमका कर तथा सेवा शुल्क संकलनकालागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले आ.व. २०७५/०७६ (२०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म) १ (एक) वर्षकालागि किस्ता बन्दी (स्थानीय निकाय आर्थिका प्रशासन नियमावली २०६४ को नियम १७० अनुसार सम्पूर्ण ठेक्का रकम सम्झौता गर्दाका वखत एक मुष्ठ वुझाएमा १० प्रतिशत छुट दिने) ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट यस कार्यालयको website www.lahanmun.gov.np मा राखिएको तथा यस कार्यालय र विभिन्न कार्यालयको सूचना पाटीमा टांस गरिएको विस्तृत सूचनामा तोकिएका शर्तहरुको अधिनमा रही टिकट बापत रु. १०।- (दश) समेत (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजस्व व्यवस्थापन उप-शाखावाट वोलपत्र/दरभाउपत्र फारम खरिद गरी रीतपूर्वकको शिलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्न सम्वन्धीत सवैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| क्र.सं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक रु. (VAT, आयकर तथा दुर्गा पुजा चन्दा बाहेक) | वोलपत्र फारम दस्तुर रु. (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|
| ०१. | पटके सवारी कर | २१,१०,०००।- | ३,०००।- | वोलपत्र |

**शर्तहरु :-**

०१. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तीसौं) दिन अर्थात मिती २०७५/०३/२३ गते सम्म कार्यालय समय भित्र उल्लेखित वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप-शाखावाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ३१ औं दिन अर्थात २०७५/३/२४ गते सोही दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ यसरी दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० वजे पछि न.पा. कार्यालयमा वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ । उक्त समयमा वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको वोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

शाखा अधिकृत

Scanned by CamScanner

०३. वोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशीक नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३०००००००००३००००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भाउचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ । धरौटी रकम वोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन साथै सो वोलपत्र मान्य न भै अमान्य हुनेछ ।

०५. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. बोलपत्र स्वीकृत भए पछि ठेक अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% र भ्याट १३% तथा आयकर वापत १.५% समेत जम्मा १६% रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा १०% छुट दिनेछ । एकमुष्ठ रकम दाखिला गर्न नसकेमा ठेक रकमको तिन किस्ता गरी पहिलो किस्ता चलन पूर्जि लिनु अगाबै दोश्रो किस्ता २०७५ पुस ०१ गते तथा तेश्रो किस्ता ०७५ चैत्र मसान्त सम्म बुझाउनु पर्ने छ । साथै किस्ता बन्दी गर्दा बांकी ठेक रकम बराबर यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैकवाट जारि गरिएको कम्तीमा १२ महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै फर्मले पेश गर्नु पर्ने छ र व्यक्तिको हकमा जग्गा जमानि पेस गर्नु पर्ने छ ।

०७. ठेक्का अवधि २०७५ साल श्रावण १ गते देखि २०७६ साल आषाढ मसान्त सम्मको हुने छ । कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

०८. बन्द हडताल चक्काजाम लगायत अन्य मानव सृजित कारणवाट सृजना हुने वन्द हडताल हुन गएमा नगरपालिकाको निर्णय अनुसार हुने छ ।

०९. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई वदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१०. एक पटक सेवा शुल्क लिई सकेको गुदरी हाट वजार सेवा शुल्कमा दोहरो लिन पाईने छैन ।

११. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद न.पा.कार्यालयले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालय प्रमुखवाट प्रमाणित गराई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्न पाईने छ । प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानूनी कार्यवाही गरिनेछ ।

१२. दरवन्दी भन्दा वढी रकम उठाएमा वा न.पा.को अहित हुने काम कार्यवाही गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ । ।

१४. प्राप्त वोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. बोलपत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

१६. पटके सवारी करको दररेट निम्नानुसार रहेको छ ।

शाखा अधिकृत

Scanned by CamScanner

## पटके सवारी करको दररेट

| सि.नं. | सवारीको किसिम | पटके सवारीको दर | |
|---|---|---|---|
| | | नेपाली नं. | भारतीय नं. |
| ०१. | ट्रान्सप्रोटर तथा १० चक्का माथिका ट्रक, टिपर, ट्रंकलरीमा | ५०।- | ३००।- |
| ०२. | ६ चक्का देखि १० चक्का सम्मका ट्रक, टिपर, ट्रंकलरीमा | ५०।- | २००।- |
| ०३. | बस, ट्रक र ट्रंकलरी | ३०।- | १००।- |
| ०४. | मिनी बस तथा मिनी ट्रक | २०।- | १००।- |
| ०५. | ट्रक्याटर | २५।- | ६०।- |
| ०६. | जिप, कार, मारुती भाडाको | २०।- | १००।- |
| ०७. | जिप, कार, मारुती निजी | ०।०० | ५०।- |
| ०८. | टेम्पो, म्याजिक, माईक्रो र पिकअप | २०।- | ५०।- |
| ०९ | सिटी सफारी रिक्सा (तिन पाग्रे रिक्सा) | १०।- | २०।- |

शाखा अधिकृत

Scanned by CamScanner